कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १९ मितिः २०७५।०७।०५

**भाग-२**

**कालिका गाउँपालिका**

## एम्बुलेन्स संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

कालिका गाउँपालिकाले उपलब्ध गराउने स्वास्थ्य, सेवा प्रवाह र एम्बुलेन्स संचालन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि कालिका गाँउपालिका मिति २०७५/०६/२४ मा यो कार्यविधि स्वीकृत गरी जारी गाउँ कार्यपालिकामा समितिले पेश गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " कालिका गाउँपालिका एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष" भन्नाले क्रमशः गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. कार्यविधि" भन्नाले **एम्बुलेन्स संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।**

घ. "कार्यालय" भन्नाले कालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "एम्बुलेन्स भन्नाले कालिका गाउपालिकाले खरिद गरि संचालन गरेको विरामी बोक्ने सवारी साधनलाई सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

छ. संयोजक भन्नाले एम्बुलेनस संचालन तथा व्यवस्थापन समितिका संयोजक सम्झनु पर्दछ ।

ज. कोष भन्नाले एम्बुलेन्स संचालन तथा व्यवस्थापनको लागि खडा गरिएको कोषलाई सम्झनु पर्दछ ।

**३.** संचालक समित :- गाउँपालिकाको उपाध्यक्ष संयोजक रहेकाा एक एम्बसलेन्स संचालन तथा व्यवस्थापन समिति रहने छ । अन्य सदस्यहरु गाउँ कार्यपालिकाले तोके वमोजिम र समितिको सदस्य सचिव गाउपालिकाको स्वास्थ्य शाखा प्रमुख हुने छ ।

४. कोष संचालन तथा खर्चः (१) एम्बुलेनस संचालन तथा व्यवस्थापन कोषमा देहाय वमोजिमका रकमहरु आम्दानी जम्मा हुनेछ ।

(क) एम्बुलेन्स संचालन वापत समितिले तोकेको दररेटमा विरामीबाट प्राप्त भएका आम्दानी रकम,

(ख) गाउँपालिकाबाट प्राप्त भएको अनुदान तथा शसर्त रकम,

(ग) विभिन्न व्यक्ति, संघ संस्था वा दातृ निकयहरुबाट प्राप्त सहयोग तथा अनुदान रकम,

(घ) प्रदेश वा संघीय सरकारबाट प्राप्त रकम,

(छ) अन्य कुनै श्रोतबाट एम्बुलेन्स संचालन तथा व्यवस्थापनको लागि प्राप्त रकम ।

(२) कोषको संचालन.- समितिले तोकेको वित्तिय संस्थामा यस समितिको संयोजक र सदस्य सचिव को संयुक्त दस्तखत संचालन हुने गरि एक वैक खाता रहने छ । कोषको रकम देहाय वमोजिमको शिर्षकमा खर्च गरिने छ ।

(क) एम्बुलेन्स चालकको गाउँकार्यपालिकाले तोकेको मसिक तलब र एम्बुलेन्स संचलन तथा व्यवस्थापन समितिले निर्णय गरे वमोजिमको खाना खाजा तथा भत्ताको रकम ।

(ख) एम्बुलेन्सको मर्मत संभारमा खर्च भएको रकम ।

(ग) नियमित संचालनको लागि इन्धन खर्च ।

(घ) एम्बुलेन्सको विमा, नविकरण तथा अन्य आवश्यक सरकारी कारोवारको राजश्व रकम,

(ङ) अन्य व्यवस्थापन समतिले तोकेको रकम ,

(च) दफा ७ (क) वमोजिम तोकीएको सम्पर्क व्यक्तिले एम्बुलेन्स संचालन जस्तै इन्धन,मर्मत तथा आकस्मीक कार्यको लागि एक पटकमा रु १०,०००। सम्मको नगदी कारोवार गर्न सक्नेछ । सो रकम व्यवस्थापन समितिले अनुमोदन नगरेसम्म अर्को पटक खर्च गर्न पाउने छैन ।यस्तो रकमको विल भरपाई दुरुस्त राखी व्यवस्थापन समितिमा पेश गर्नु पर्ने छ ।

५.चालक व्यवस्थापनः- एम्बुलेन्स संचालनको लागि नियमानुसार प्रकृया पुरा गरि गाउपालिकाले करार गरि एम्बुलेनस चालक नियुक्ति गर्ने छ । यसरी नियुक्ति भएको चालकले दफा (७)ख. वमोजिम तोकीएको सम्पर्क व्यक्ति संग समन्वय गरि एम्बुलेन्स संचालन गर्ने छ ।

६. खर्च नहुने सम्पत्तीको व्यवस्थापनः- एम्बुलेन्स संचालनको लागि आवश्यक खर्च नहुनेर जती सवै प्रकारका जिन्सी सामानहरु कालिका गाउपालिकाको जिन्सी खातामा आमदानी वाधिने छ र एम्बुलेन्स तथा उक्त सामानहरुको जिन्सी मिन्हा तथा लिलाम गर्ने अधिकार गाउँपालिकामा निहित रहने छ ।

७. अन्य व्यवस्थापनः- (क) एम्बुलेन्स को सहज संचालन रेखदेख गर्न आम्दनी खर्चको हिसाव राख्न व्यवस्थापन समितिले कुनै एक कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्न सक्ने छ । तोकिएको कर्मचारीलाई व्यवस्थापन समितिको निर्णयानुसार आवश्यक सेवा सुविधा उपलब्ध गराईने छ ।

(ख) माथि क वमोजिम तोकिएको कर्मचारीले एम्बुलेन्स संचालन गर्दा विरामीबाट प्राप्त हुने तोकिएको रमक व्यवस्थापन समितिको रसिदबाट आम्दानी वाधी नियमितरुपमा बैक दाखिला गर्नु पर्ने छ ।

(ग) कोषको संचालन आम्दानी खर्चको व्यवस्थापन श्रोतको खोजि र लेखा परिक्षण गराउने दायित्व सम्बन्धीत समितिलाई हुनेछ ।

(घ) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले चौमासिक रुपमा कार्य प्रगती विवरण गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ङ) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले प्रभावकारी सेवा संचालनको लागि आवश्यक निर्णय लिन, नीति नियम वनाउन र सेवा संचालनको लागि आवश्यक ढाँचा तयार गर्न सक्नेछ ।

(च) एम्बुलेन्स व्यवस्थापन समितिको वैठक खर्च प्रति व्यक्ति प्रति वैठक रु. ७००। का दरले हुनेछ साथै खाजा खर्च नेपाल सरकारको प्रचलित दररेटमा हुनेछ ।

(छ) एम्बुलेन्स प्रयोग गर्दा सेवा ग्राहीबाट लिइने भाडा दर तथा शुल्क अनुसूची १ बमोजिम हुनेछ ।

(ज) यो कार्यविधिमा कुनै बुँदा थपघट तथा संशोधन गर्नु परेमा समितिको प्रस्तावमा कार्यपालिकामा पेश गरि संशोधन हुने छ

(झ) अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणीकरण मितिः** २०७५/०६/२६ **स्वीकृत मितिः** २०७५/०६/२४

आज्ञाले,

मोहन कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत